श्री ५ को सरकार

## स्वास्थ्य मन्त्रालयको सूचना

नेपाल मेडिकल काउन्सिल ( दोस्रो संशोधन) नियमावली, २०५५

नेपाल मेडिकल काउन्सिल नियमावली, २०२४ लाई संशोधन गर्न वान्छनीय भएकोले,

नेपाल मेडिकल काउन्सिल ऐन, २०२० को दफा ३२ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरु बनाएकोछ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यी नियमहरुको नाम " नेपाल मेडिकल काउन्सिल ( दोस्रो संशोधन ) नियमावली, २०५५ " रहेकोछ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. नेपाल मेडिकल काउन्सिल नियमावली, २०२४ को नियम २ मा संशोधन : नेपाल मेडिकल काउन्सिल नियमावली, २०२४ ( यस पछि " मूल नियमावली " भनिएको ) को नियम २ को,-

(१) खण्ड (घ) को सट्टा देहायको खण्ड (घ) राखिएकोछ :-

" (घ) "अस्थायी दर्ता " भन्नाले गैर नेपाली नागरिकको लागि बढीमा एक वर्षको लागि गरिने दर्ता सम्झनु पर्छ । "

(२) खण्ड (च) को सट्टा देहायको खण्ड (च) राखिएकोछ :-

"(च) " विशेषज्ञ दर्ता " भन्नाले आधुनिक चिकित्साशास्त्रमा स्नातकोत्तर डिग्री, डिप्लोमा उपाधि प्राप्त व्यक्तिहरुको दर्ता सम्झनु पर्छ ।"

(३) खण्ड (छ) पछि देहायको खण्ड (ज) थपिएकोछ :-

" (ज) " मेडिकल संस्था " भन्नाले आधुनिक चिकित्सा शास्त्रमा स्नातक, स्नातकोतर डिग्री, डिप्लोमा वा सो सरहका प्रमाणपत्र तथा अन्य उपाधिहरुमा अध्ययन, अध्यापन गराउने उद्देश्यले ऐनको दफा २१ को उपदफा (१) बमोजिम काउन्सिलको सिफारिसमा श्री ५ को

४१३



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सरकारको पूर्व स्वीकृति प्राप्त गरी नेपाल अधिराज्यमा स्थापना भएको शैक्षिक संस्था सम्झनु पर्छ ।"

३. मूल नियमावलीको नियम ३ मा संशोधन : मूल नियमावलीको नियम ३ को,-

(१) उपनियम (२) को खण्ड (घ) को सट्टा देहायको खण्ड (घ) राखिएकोछ :-

" (घ) " विशेषज्ञ दर्ता । "

(२) उपनियम (३) को खण्ड (क) मा रहेका " त्यसको एक प्रति रीतपूर्वकको नक्कल " भन्ने शब्दहरुको सट्टा " काउन्सिलको सदस्य वा दर्तावाला चिकित्सकहरु मध्ये काउन्सिलले तोकेको चिकित्सकले प्रमाणित गरिदिएको प्रतिलिपि " भन्ने शब्दहरु राखिएकाछन् ।

(३) उपनियम (३) को खण्ड (घ) पछि देहायको खण्ड (ङ) थपिएकोछ :-

" (ङ) " एम.बी.बी.एस. वा बी.डी.एस वा सो सरहको कोर्षमा भर्ना लिंदाको समयमा निजले पास गरेको डिग्रीको सक्कल र काउन्सिलको सदस्य वा दर्तावाला चिकित्सकहरु मध्ये काउन्सिलले तोकेको चिकित्सकले प्रमाणित गरिदिएको एक प्रति प्रतिलिपि ।"

४. मूल नियमावलीको नियम ४ मा संशोधन : मूल नियमावलीको नियम ४ को उपनियम (१) मा रहेका " एक सय रुपैयाँ " भन्ने शब्दहरुको सट्टा " काउन्सिलले तोके बमोजिमको " भन्ने शब्दहरु राखिएकाछन् ।

५ मूल नियमावलीको नियम ५ मा संशोधन : मूल नियमावलीको नियम ५ को,-

(१) उपनियम (१) मा रहेका "कुनै विदेशी नागरिक" भन्ने शब्दहरुको सट्टा "कुनै गैर नेपाली नागरिक" भन्ने शब्दहरु राखिएका छन् ।

(२) उपनियम (१) पछि देहायको उपनियम (१क) थपिएकोछ :-

" (१क.) उपनियम (१) बमोजिम दरखास्त दिंदा जुन संस्थामा काम गर्ने हो सो संस्थाको प्रमुखले निजले त्यहाँ काम गर्नु पर्ने कारण, अवधि आदि खुलाई अस्थायी दर्ता गर्न सिफारिस गरेको पत्र समेत संलग्न गर्नु पर्नेछ । "

(३) उपनियम (३) को सट्टा देहायको उपनियम (३) राखिएकोछ :-

" (३) अस्थायी दर्ता बढीमा एक वर्षको लागि मात्र गरिनेछ र काउन्सिलले आवश्यक देखेमा एक पटकमा एक वर्षको अवधि भन्दा बढी नहुने गरी दर्ता नवीकरण गरिदिन सक्नेछ । "

(४) उपनियम (४) को सट्टा देहायको उपनियम (४) राखिएकोछ :-

१४३२४



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"(४) उपनियम (३) मा जुनसुकै कुरा लेखिएको भएतापनि अस्थायी दर्ता भएका चिकित्सक कार्यरत संस्थामा त्यस्तो गैर नेपाली चिकित्सकको सेवा अवधि समाप्त भएमा अस्थायी दर्ता स्वतः समाप्त हुनेछ।"

(५) उपनियम (५) को सट्टा देहायको उपनियम (५) राखिएकोछ :-

"(५) अस्थायी दर्ता दस्तुर काउन्सिलले तोके बमोजिम हुनेछ।"

(६) उपनियम (६) पछि देहायको उपनियम (६क) थपिएकोछ :-

"(६क) अस्थायी दर्ता सम्बन्धी अन्य व्यवस्था काउन्सिलले तोके बमोजिम हुनेछ।"

६. मूल नियमावलीको नियम ६ मा संशोधन : मूल नियमावलीको नियम ६ को,-

(१) उपनियम (१) को सट्टा देहायको उपनियम (१) राखिएकोछ :-

"(१) काउन्सिलले तोके बमोजिमको योग्यता प्राप्त गरी काउन्सिलले तोके बमोजिमको प्रिरजिष्ट्रेशन तालीम, इन्टर्नशीप वा हाउस-जव पूरा गरी नसकेको अवस्थामा पनि काउन्सिलको परीक्षण दर्ता किताबमा आफ्नो नाम दर्ता गराउनु पर्नेछ।"

(२) उपनियम (२) को सट्टा देहायको उपनियम (२) राखिएकोछ :-

"(२) परीक्षण दर्ता दस्तुर काउन्सिलले तोके बमोजिम हुनेछ।"

(३) उपनियम (३) झिकिएकोछ।

७. मूल नियमावलीको नियम ७ मा संशोधन : मूल नियमावलीको नियम ७ को सट्टा देहायको नियम ७ राखिएकोछ :-

"७ विशेषज्ञ दर्ता : (१) यस नियमावली बमोजिम काउन्सिलमा स्थायी दर्ता भएको व्यक्तिले काउन्सिलले तोकेबमाजिमको योग्यता हासिल गरेमा मात्र त्यस्तो व्यक्तिको नाम काउन्सिलमा विशेषज्ञको रुपमा दर्ता गरिनेछ।

(२) विशेषज्ञ दर्ता दस्तुर, वार्षिक शुल्क, नवीकरण दस्तुर र विलम्ब दस्तुर काउन्सिलले तोकेबमोजिम हुनेछ।"

८. मूल नियमावलीको नियम ८ मा संशोधन : मूल नियमावलीको नियम ८ को,

(१) उपनियम (६) मा रहेका "तीन दिनको" भन्ने शब्दहरुको सट्टा "चौबीस घण्टाको" भन्ने शब्दहरु राखिएकाछन्।

(२) उपनियम (६) पछि देहायका उपनियम (६क) र (६ख) थपिएकाछन :-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

" (६क) काउन्सिलको कूल सदस्य संख्याको पच्चीस प्रतिशत सदस्यले काउन्सिलको विशेष बैठक बोलाईयोस भनी छलफलको विषय समेत उल्लेख गरी अध्यक्ष समक्ष हस्ताक्षर सहितको निवेदन दिएमा त्यस्तो निवेदन परेको मितिले सात दिन भित्र अध्यक्षले काउन्सिलको विशेष बैठक बोलाउनु पर्नेछ ।

(६ख) उपनियम (६क) बमोजिमको म्याद भित्र अध्यक्षले काउन्सिलको बैठक नबोलाएमा त्यस्तो म्याद समाप्त भएको मितिले सात दिन भित्र उपाध्यक्षले काउन्सिलको विशेष बैठक बोलाउनु पर्नेछ र उपाध्यक्षले पनि काउन्सिलको विशेष बैठक नबोलाएमा त्यस्तो म्याद समाप्त भएको मितिले सात दिन भित्र रजिष्ट्रारले काउन्सिलको विशेष बैठक बोलाउनु पर्नेछ ।"

(३) उपनियम (१२) को प्रतिवन्धात्मक वाक्यांशमा रहेका " छ वा छ भन्दा बढी सदस्यहरुले " भन्ने शब्दहरुको सट्टा "काउन्सिलको बैठकमा उपस्थित बहुमत सदस्यले" भन्ने शब्दहरु राखिएकाछन् ।

(४) उपनियम (१५) को सट्टा देहायको उपनियम (१५) राखिएकोछ :-

" (१५) बैठकमा छलफल भई निर्णय भएका कुराहरु रजिष्ट्रारले बैठक बसेको अठ्चालीस घण्टा भित्र सबै सदस्यहरुको जानकारीको लागि पठाउनु पर्नेछ ।"

(५) उपनियम (१५) पछि देहायको उपनियम (१५क), (१५ख), (१५ग) र (१५घ) थपिएकाछन् :-

"(१५क) उपनियम (१५) बमोजिम प्राप्त हुन आएको निर्णयको सम्बन्धमा सदस्यहरुको कुनै प्रतिक्रिया भए सो प्राप्त भएको चौबीस घण्टा भित्र रजिष्ट्रार समक्ष आफ्नो प्रतिक्रिया पठाउनु पर्नेछ ।

(१५ख) उपनियम (१५क) बमोजिमको म्याद भित्र सदस्यहरुबाट कुनै प्रतिक्रिया प्राप्त नभए बैठकमा छलफल भई निर्णय भएका कुराहरु रजिष्ट्रारले निर्णय पुस्तिकामा जनाई अध्यक्षको हस्ताक्षरबाट प्रमाणित गराउनु पर्नेछ ।

(१५ग) उपनियम (१५क) बमोजिमको म्याद भित्र सदस्यहरुबाट कुनै प्रतिक्रिया प्राप्त भए रजिष्ट्रारले त्यस्तो प्रतिक्रियाको सम्बन्धमा अध्यक्ष संग आवश्यक परामर्श गरी अध्यक्षको निर्देशानुसार गर्नु पर्नेछ ।

४१६



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(१५घ) काउन्सिलले अत्यन्त जरुरी भनी निर्णय गरेका विषयहरुको सम्बन्धमा उपनियम १५, (१५क), (१५ख) र (१५ग) बमोजिमको कार्यविधि अपनाउनु पर्ने छैन । "

९. मूल नियमावलीको नियम १० मा संशोधन : मूल नियमावलीको नियम १० को सट्टा देहायको नियम १० राखिएकोछ :-

" १० समितिको गठन र अधिकार प्रत्यायोजन : (१) ऐनको दफा ११ बमोजिम काउन्सिलले देहाय बमोजिमको समिति गठन गरी त्यसरी गठन भएको समितिलाई ऐन तथा यस नियमावली बमोजिम काउन्सिले आफूलाई प्राप्त अधिकार आफ्नो रेखदेख र निरीक्षणमा रहने गरी प्रत्यायोजन गर्न सक्नेछ :-

(क) दर्ता समिति,

(ख) योग्यता निर्धारण समिति,

(ग) व्यावसायीक आचरण तथा स्वास्थ्य समिति,

(घ) शिक्षा समिति ।

(२) उपनियम (१) बमोजिमका समितिका अतिरिक्त काउन्सिलले आवश्यक सम्झेमा अन्य दुईवटा थप समितिको गठन गर्न सक्नेछ ।

(३) उपनियम (१) र (२) बमोजिम गठित समितिको काम, कर्तव्य र अधिकार विनियममा व्यवस्था भए बमोजिम हुनेछ । "

१०. मूल नियमावलीमा नियम १३क.र १३ख.थप : मूल नियमावलीमा नियम १३ पछि देहायका नियम १३क. र १३ख थपिएकाछन् :-

" १३क.अध्यक्षको काम,कर्तव्य र अधिकार : ऐन तथा यस नियमावलीमा लेखिएका व्यवस्थाहरुको अधीनमा रही अध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछ :-

(क) काउन्सिलको बैठकमा छलफल गरिने विषयहरुको प्राथमिकता निर्धारण गर्ने,

(ख) काउन्सिलद्वारा सञ्चालित योजना तथा कार्यक्रमहरुको अनुगमन तथा मूल्याङ्कन गर्ने, गराउने र तत्सम्बन्धमा आवश्यक निर्देशन दिने,

(ग) काउन्सिलको काम कारबाही व्यवस्थित, प्रभावकारी र सुचारु रुपबाट सञ्चालन गर्ने,

(घ) काउन्सिलले निर्देशन दिए बमोजिमको अन्य कार्यहरु गर्ने, गराउने ।

४९६



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१३ख. उपाध्यक्षको काम, कर्तव्य र अधिकार : ऐन तथा यस नियमावलीमा लेखिएका व्यवस्थाहरुको अधीनमा रही अध्यक्षको अनुपस्थितिमा अध्यक्षले प्रयोग गरी आएको काम,कर्तव्य र अधिकारको प्रयोग उपाध्यक्षले गर्नेछ ।"

११. मूल नियमावलीको नियम १४ मा संशोधन : मूल नियमावलीको नियम १४ को खण्ड (६) पछि देहायका खण्ड (६क), (६ख), (६ग) र (६घ) थपिएकाछन् :-

"(६क) काउन्सिलको वार्षिक कार्यक्रम तथा योजना तर्जुमा गरी प्रत्येक वर्षको फागुन मसान्त भित्र काउन्सिलमा पेश गर्ने,

(६ख) काउन्सिलबाट स्वीकृत बजेट, योजना तथा कार्यक्रमको कार्यान्वयन गर्ने,

(६ग) काउन्सिल र काउन्सिलमा नाम दर्ता भएका चिकित्सकहरु बीच सम्पर्क अधिकारीको रुपमा काम गर्ने,

(६घ) काउन्सिलबाट आदेश तथा निर्देशन दिए बमोजिमको अन्य कार्यहरु गर्ने गराउने । "

१२. मूल नियमावलीको नियम १५ मा संशोधन : मूल नियमावलीको नियम १५ को सट्टा देहायको नियम १५ राखिएकोछ :-

"१५ दर्ता किताब : (१) काउन्सिलमा स्थायी, अस्थायी, परीक्षण र विशेपज्ञको रुपमा चिकित्सकको नाम दर्ता गर्ने प्रयोजनको लागि अनुसूची- ३,४,५ र ६ बमोजिमको ढाँचामा क्रमश स्थायी, अस्थायी, परीक्षण र विशेपज्ञ दर्ताको छुट्टा छुट्टै दर्ता किताब राखिनेछ ।

(२) उपनियम (१) बमोजिमको दर्ता किताब नेपाली तथा अंग्रेजी भापा दुबैमा राख्न सकिनेछ । नेपाली भाषाको दर्ता किताबमा नामको पहिलो अक्षरको र अंग्रेजी भाषाको दर्ता किताबमा थरको पहिलो अक्षरको वर्णानुक्रमानुसार दर्ता गरिनेछ । "

१३. मूल नियमावलीको नियम १६ मा संशोधन : मूल नियमावलीको नियम १६ को सट्टा देहायको नियम १६ राखिएकोछ :-

"१६ दर्ता सूची प्रकाशन गर्ने : (१) काउन्सिलले प्रत्येक वर्ष काउन्सिलमा नाम दर्ता भएका चिकित्सकहरुको नाम दर्ता सूची प्रकाशन गर्नेछ ।

(२) उपनियम (१) बमोजिम प्रकाशित नाम दर्ता सूची प्रत्येक चारवर्षमा काउन्सिलले अद्यावधिक गरी प्रकाशन गर्नेछ ।

(३) उपनियम (१) र (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि अस्थायी दर्तावाला चिकित्सकको नाम दर्ता सूचीमा प्रकाशन गरिनेछैन । "

४१८



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१४. मूल नियमावलीको नियम १९ मा संशोधन : मूल नियमावलीको नियम १९ को उपनियम (१) को सट्टा देहायको उपनियम (१) राखिएकोछ :-

" (१) काउन्सिलको कुनै सदस्यले आफ्नो पदबाट राजीनामा गर्न चाहेमा निर्वाचित सदस्यले अध्यक्ष समक्ष र श्री ५ को सरकारबाट मनोनीत सदस्यले अध्यक्ष मार्फत श्री ५ को सरकार समक्ष राजीनामा दिन सक्नेछ।"

१५. मूल नियमावलीको नियम २० मा संशोधन : मूल नियमावलीको नियम २० को,-

(१) उपनियम (१) को खण्ड (ङ) को सट्टा देहायको खण्ड (ङ) राखिएकोछ :-

" (ङ) अन्य स्रोतबाट प्राप्त गरेको रकम,

तर काउन्सिलले गैर नेपाली नागरिक, विदेशी सरकार वा अन्तर्राष्ट्रिय संघ संस्थाबाट आर्थिक सहयोग प्राप्त गर्नु अघि श्री ५ को सरकारको पूर्व स्वीकृति प्राप्त गर्नु पर्नेछ र त्यसरी प्राप्त गरेको रकम जुन कामको लागि प्राप्त गरेको हो सोही कार्यमा मात्र खर्च गर्नु पर्नेछ।"

(२) उपनियम (२) को सट्टा देहायको उपनियम (२) राखिएकोछ :-

" (२) काउन्सिलको कोषको सन्चालन विनियममा व्यवस्था भए बमोजिम हुनेछ।"

(३) उपनियम (४) झिकिएकोछ।

१६. मूल नियमावलीमा नियम २०क. थप : मूल नियमावलीमा नियम २० पछि देहायको नियम २०क. थपिएकोछ :-

" २०क. मेडिकल संस्थालाई मान्यता दिने प्रयोजनको लागि काउन्सिलले सिफारिस गर्ने आधार : ऐनको दफा २१ को उपदफा (१) बमोजिम मेडिकल संस्थालाई मान्यता दिने प्रयोजनको लागि सिफारिस गर्न काउन्सिलले मेडिकल संस्थामा विद्यमान रहनु पर्ने कानूनी, प्राज्ञिक, शैक्षिक, भौतिक लगायतका अन्य विविध विषयहरुसंग सम्बन्धित स्रोत, साधन, जनशक्ति तथा पूर्वाधार सम्बन्धी व्यवस्थाको सम्बन्धमा विनियम बनाई व्यवस्था गर्न सक्नेछ।"

१७. मूल नियमावलीमा नियम २१क. थप : मूल नियमावलीमा नियम २१ पछि देहायको नियम २१क. थपिएकोछ :-

" २१क. निर्वाचन सम्बन्धी व्यवस्था : (१) ऐनको दफा ४ को उपदफा (१) को खण्ड (ख) र (छ) बमोजिम काउन्सिलमा रहने सदस्यको निर्वाचन सामान्य बहुमतको आधारमा हुनेछ।

४१९



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपनियम (१) बमोजिम सामान्य बहुमतको आधारमा गरिने निर्वाचन सम्बन्धी अन्य कार्यविधि विनियममा व्यवस्था भए बमोजिम हुनेछ । ”

१८. मूल नियमावलीको नियम २२ मा संशोधन : मूल नियमावलीको नियम २२ को उपनियम (१) को,-

(१) खण्ड (ग) मा रहेको “ आफ्नो शक्ति, ज्ञान र अनुभवले ” भन्ने शब्दहरुको सट्टा “आफ्नो शक्ति, ज्ञान, शीप र अनुभवले ” भन्ने शब्दहरु राखिएका छन् ।

(२) खण्ड (ङ) मा रहेको “ कुनै रोगीहरुलाई नछाड्ने ” भन्ने शब्दहरुको सट्टा “ रोगीलाई आफ्नो उपचारबाट वञ्चित नगराउने ” भन्ने शब्दहरु राखिएकाछन् ।

(३) खण्ड (ड) को उपखण्ड (३) को सट्टा देहायको उपखण्ड (३) राखिएकोछ :-

“ (३) आवश्यक नपरेका औषधिहरु लेख्न चिकित्सकलाई दबाब दिएमा वा लेख्न बाध्य बनाएमा । ”

(४) खण्ड (ञ) मा रहेको “ गर्भवतीको ज्यानमा खतरा छ वा अपाहिज बन्ने संभावना छ वा मानसिक सन्तुलन खराब हुने सम्भावना छ ” भन्ने शब्दहरुको सट्टा “ गर्भवतीको ज्यान खतरामा छ वा जन्मने बच्चा अपाहिज बन्ने संभावना छ वा गर्भवती महिलाको मानसिक सन्तुलन खराब हुने सम्भावना छ ” भन्ने शब्दहरु राखिएकाछन् ।

१९. मूल नियमावलीको अनुसूचीमा संशोधन : मूल नियमावलीको,-

(१) अनुसूची-१ मा रहेका “ विशेष दर्ता ” भन्ने शब्दहरुको सट्टा “ विशेषज्ञ दर्ता ” भन्ने शब्दहरु राखिएकाछन् ।

(२) अनुसूची-२ पछि अनुसूची ३,४,५ र ६ थपिएकाछन् ।

२०. खारेजी : मूल नियमावलीको नियम १७ खारेज गरिएकोछ ।

42054



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची ३

( नियम १५को उपनियम (१) संग सम्बन्धित )

## स्थायी दर्ता किताब

| दर्ता नं. | दर्ता मिति | नाम थर | ठेगाना | आधारभूत शैक्षिक योग्यता र तालीम | विश्व विद्यालय वा शिक्षण संस्थाको पूरा नाम र ठेगाना | अन्य विवरण | पासपोर्ट साईजको (हालसालै खिचिएको) श्याम श्वेत फोटो |
|---|---|---|---|---|---|---|---|
| | | पूरा नाम थर देवनागरिमा<br>अंग्रेजीमा :-<br>बाजेको नाम :-<br>बाबुको नाम :-<br>लिङ्ग<br>राष्ट्रियता<br>जन्म स्थान<br>जन्म मिति<br>साल ................<br>महिना ............<br>गते ................ | मुलुक<br>अञ्चल<br>जिल्ला<br>टोल / गाउँ<br>नगरपालिका<br>गा.वि.स.<br>वडा नं.<br>टेलिफोन<br>सम्पर्क ठेगाना<br>फोन नं.<br>फयाक्स नं. | उपाधिको नाम<br>अध्ययन अवधि<br>भर्ना भएको साल<br>अध्ययन पूरा गरेको साल<br>ईन्टर्नशीप शुरु र पूरा गरेको साल<br>उपाधि प्राप्त गरेको महिना र साल | उपाधि दिने संस्थाको नाम र ठेगाना<br>इन्टर्नशीप पूरा गरेको संस्थाको नाम र ठेगाना | पहिले कुनै संस्थामा दर्ता भएको भए दर्ता नं.<br>मिति<br>संस्थाको नाम | |

४२१



मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | पोष्ट बक्स नं. हाल कुनै संस्थामा कार्यरत भए संस्थाको नाम ठेगाना | | | | |

विवरण भर्नेको सही ..........................

रुजु गर्नेको सही ..........................

सम्बन्धित चिकित्सकको सही ..........................

रजिष्ट्रारको सही ..........................

मुद्रण विभाग, सिंहदरबार

422



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची-४

( नियम १५को उपनियम (१) संग सम्बन्धित )

## अस्थायी दर्ता किताब

| दर्ता नं. | दर्ता मिति | नाम थर | ठेगाना | आधारभूत शैक्षिक योग्यता र तालीम | विश्व विद्यालय वा शिक्षण संस्थाको पूरा नाम र ठेगाना | अन्य विवरण | पासपोर्ट साईजको (हालसालै खिचिएको) श्याम श्वेत फोटो |
|---|---|---|---|---|---|---|---|
| | | पूरा नाम थर देवनागरिमा :-<br>अंग्रेजीमा :-<br>लिङ्ग<br>राष्ट्रियता<br>नागरिकता नं.<br>जन्म स्थान<br>जन्म मिति<br>साल ..................<br>महिना .............<br>गते .................. | मुलुक<br>अञ्चल<br>जिल्ला<br>टोल / गाउं<br>नगरपालिका<br>गा.वि.स.<br>वडा नं.<br>टेलिफोन<br>सम्पर्क ठेगाना<br>फोन नं.<br>फयाक्स नं. | उपाधिको नाम<br>अध्ययन अवधि<br>भर्ना भएको साल<br>अध्ययन पूरा गरेको साल<br>ईन्टर्नशीप शुरु र पूरा गरेको साल<br>उपाधि प्राप्त गरेको महिना र साल<br>उपाधिको नाम | | पहिले कुनै संस्थामा दर्ता भएको भए दर्ता नं.<br>मिति<br>संस्थाको नाम | |

423



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | पोष्ट बक्स नं.<br>हाल कुनै संस्थामा कार्यरत भए संस्थाको नाम<br>ठेगाना | | तालीम दिने संस्थाको नाम र ठेगाना | |

विवरण भर्नेको सही ........................ रुजु गर्नेको सही .................... सम्बन्धित चिकित्सकको सही ........................................ रजिष्ट्रारको सही ....................

828



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग, सिंहदरबार

अनुसूची-५

( नियम १५को उपनियम (१) संग सम्बन्धित )

## परीक्षण दर्ता किताब

| दर्ता नं. | दर्ता मिति | नाम थर | ठेगाना | आधारभूत शैक्षिक योग्यता र तालीम | विश्व विद्यालय वा शिक्षण संस्थाको पूरा नाम र ठेगाना | अन्य विवरण | पासपोर्ट साईजको हालसालै खिचिएको) श्याम श्वेत फोटो |
|---|---|---|---|---|---|---|---|
| | | पूरा नाम थर :-<br>देवनागरीमा :-<br>अंग्रेजीमा :-<br>बाबुको नाम<br>बाजेको नाम<br>लिङ्ग<br>राष्ट्रियता<br>नागरिकता नं.<br>जन्म स्थान<br>जन्म मिति<br>साल ..................<br>महिना .............<br>गते ................. | मुलुक<br>अञ्चल<br>जिल्ला<br>टोल / गाउँ<br>नगरपालिका<br>गा.वि.स.<br>वडा नं.<br>टेलिफोन<br>सम्पर्क ठेगाना<br>फोन नं.<br>फयाक्स नं. | उपाधिको नाम<br>अध्ययन अवधि<br>भर्ना भएको साल<br>शैक्षिक वर्ष<br>अध्ययन पूरा गरेको साल<br>ईन्टर्नशीप पूरा गरेको साल<br>उपाधि प्राप्त गरेको महिना र साल<br>उपाधिको नाम | | पहिले कुनै संस्थामा दर्ता भएको भए दर्ता नं.<br>मिति<br>संस्थाको नाम | |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | पोष्ट बक्स नं.<br>हाल कुनै संस्थामा कार्यरत भए संस्थाको नाम<br>ठेगाना | | | | |

विवरण भर्नेको सही ........................ रुजु गर्नेको सही .................... सम्बन्धित चिकित्सकको सही ................................ रजिष्ट्रारको सही ....................

मुद्रण विभाग, सिंहदरबार

४२६



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची-६

( नियम १५को उपनियम (१) संग सम्बन्धित )

## विशेषज्ञ दर्ता किताब

| दर्ता नं. | दर्ता मिति | नाम थर | ठेगाना | आधारभूत तथा विशेष शैक्षिक योग्यता र तालीम | विश्व विद्यालय वा शिक्षण संस्थाको पूरा नाम र ठेगाना | अन्य विवरण | पासपोर्ट साईजको (हालसालै खिचिएको) श्याम श्वेत फोटो |
|---|---|---|---|---|---|---|---|
| | | पूरा नाम थर<br>देवनागरिमा :-<br>अंग्रेजीमा :-<br>बाबुको नाम<br>बाजेको नाम<br>लिङ्ग<br>राष्ट्रियता<br>नागरिकता नं.<br>जन्म स्थान<br>जन्म मिति<br>साल ................<br>महिना ............<br>गते ................ | मुलुक<br>अञ्चल<br>जिल्ला<br>टोल / गाउँ<br>नगरपालिका<br>गा.वि.स.<br>वडा नं.<br>टेलिफोन<br>सम्पर्क ठेगाना<br>फोन नं.<br>फ्याक्स नं. | आधारभूत उपाधिको नाम<br>अध्ययन अवधि<br>भर्ना भएको साल<br>शैक्षिक वर्ष<br>अध्ययन पूरा गरेको साल<br>ईन्टर्नशीप पूरा गरेको साल<br>विशेष उपाधि प्राप्त गरेको महिना र साल | | पहिले कुनै संस्थामा दर्ता भएको भए दर्ता नं.<br>मिति<br>संस्थाको नाम | |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | पोष्ट बक्स नं.<br>हाल कुनै संस्थामा कार्यरत भए संस्थाको नाम ठेगाना | | | | |

विवरण भर्नेको सही रुजु गर्नेको सही सम्बन्धित चिकित्सकको सही रजिष्ट्रारको सही

........................ ........................ ........................ ..................

आज्ञाले,

भोजराज पोखरेल

श्री ५ को सरकारको सचिव

४२८



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग, सिंहदरबार